केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/घ/६/०७५/७६ मिति: २०७५/०९/१९

**इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७५ को बुँदा नं. १८ लाई देहायबमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

**१८ कार्यक्षेत्र विस्तार वा संकुचन तथा गाभ्ने/गाभिने सम्बन्धी व्यवस्था**

**१८.१ कार्यक्षेत्र विस्तार सम्बन्धी व्यवस्था**

प्रादेशिकस्तरबाट राष्ट्रियस्तरमा कारोबार सञ्चालन गर्न चाहने लघुवित्त वित्तीय संस्थाले देहायका शर्तहरु पुरा गरी स्वीकृतिका लागि व्यवसायिक योजना सहित यस बैंकमा निवेदन दिन सक्नेछ :–

(१) यस बैंकले तोकेको न्यूनतम चुक्ता पुँजी पुरा गरेको ।

(२) नियमित रुपले वार्षिक लेखापरीक्षण गरी साधारण सभा सम्पन्न गरेको ।

(३) बैंक तथा वित्तीय संस्था पछिल्लो ३ वर्ष सञ्चित नोक्सानीमा नरहेको ।

(४) यस बैंकको निर्देशन अनुरुप पुँजीकोष (Capital Adequacy) पर्याप्त रहेको ।

(५) यस बैंकको निर्देशन अनुरुप कर्जाको वर्गीकरण गरी सोको लागि पर्याप्त कर्जा नोक्सानी व्यवस्था (Loan Loss Provision) कायम गरेको ।

(६) निष्क्रिय कर्जा (NPA) पाँच प्रतिशत ननाघेको ।

(७) प्रादेशिक स्तरमा कारोवार सञ्चालन गरेको ५ वर्ष पुरा भएको र कार्यरत रहेको प्रदेशका सवै जिल्लामा कम्तीमा एक एक वटा शाखा कार्यालय स्थापना गरी कारोवार गरेको ।

(८) नेपाल राष्ट्र बैंकबाट संस्था वा संस्थाका अध्यक्ष, सञ्चालक र कार्यकारी प्रमुख कारवाहीमा परेको भए सो कारवाही फुकुवा भएको अवधि ३ वर्ष पुरा भएको ।

(९) इजाजत दिंदा तोकिएका सबै शर्तहरु पुरा गरेको ।

**१८.२ कार्यक्षेत्र विस्तारका लागि आवेदनसाथ निम्न कागजातहरु संलग्न हुनु पर्नेछ :**

(क) विद्यमान संस्थापक र सञ्चालकहरुको विवरण ।

(ख) संस्थाका आगामी ५ वर्षको प्रक्षेपित वित्तीय अवस्था, व्यवसायिक रणनीति, प्राविधिक तथा व्यवस्थापन पक्ष र बजार संवेदनशीलता विश्लेषण सहितको व्यवसायिक योजना ।

(ग) वित्तीय कारोबार सञ्चालनका लागि कर्पोरेट कार्यालय/मुख्य शाखा कार्यालय विद्यमान कार्यक्षेत्रदेखि अन्य स्थानमा सञ्चालन गर्ने भएमा सो कार्यालयको भौतिक पूर्वाधार, सूचना प्रविधि, वीमा तथा सुरक्षा व्यवस्था, घरभाडा करारनामा, प्रमुख कार्यकारी अधिकृत लगायत मुख्य कर्मचारीहरुको योग्यता अनुभव सम्बन्धी कागजात ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(घ) कार्यक्षेत्र विस्तार भए पश्चात कायम हुने कार्यक्षेत्रलाई समेटेर तयार गरिएको कर्जा नीति, लगानी नीति, निक्षेप परिचालन नीति, आन्तरिक लेखापरीक्षण नीति, गैर-बैकिङ्ग सम्पत्ति व्यवस्थापन नीति, सम्पत्ति दायित्व व्यवस्थापन नीति, सूचना प्रविधि नीति र आफ्नो ग्राहक पहिचान नीति ।

(ङ) कार्यक्षेत्र विस्तार सम्बन्धमा साधारण सभाले गरेको निर्णयको प्रतिलिपि ।

१८.३ कार्यक्षेत्र विस्तारका सम्बन्धमा संस्थाको सञ्चालक समितिसंग अन्तर्क्रिया गरी कागजात पुरा भएको मितिले ६० दिनभित्र सो सम्बन्धी प्रक्रियाको टुंगो लगाइनेछ ।

**१८.४ गाभ्ने/गाभिने सम्बन्धी व्यवस्था:**

(क) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ का दफा ७० बमोजिम लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्न वा गाभिने सम्बन्धमा यस बैंकबाट जारी बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्न/गाभिने (Merger) तथा प्राप्ती (Acquisition) सम्बन्धी विनियमावली, २०७३ बमोजिम हुनेछ ।

(ख) प्रादेशिक स्तरका लघुवित्त वित्तीयसंस्थाहरु एक आपसमा गाभिई वा प्राप्ति गरी राष्ट्रियस्तरमा परिणत हुन चाहेमा गाभिएर/प्राप्ति गरी बन्ने संस्थाको चुक्ता पूँजी तथा पूँजीकोष यस बैंकले तोकेबमोजिम हुने गरी अन्य व्यवस्थामा छुट प्रदान गरी विशेष प्राथमिकता दिन सकिनेछ ।

(ग) देहायको कुनै वा सबै अवस्था पुरा नगर्ने लघुवित्त संस्थालाई अन्य कुनै "घ" वर्गको इजाजतपत्रप्राप्त संस्थासंग गाभिन वा प्राप्तिमा जान नेपाल राष्ट्र बैङ्कले निर्देशन दिन सक्नेछ :-

(१) नेपाल राष्ट्र बैङ्कले तोकेको अवधिभित्र तोकेबमोजिमको पुँजी नपुऱ्याएको,
(२) विगत पाँच वर्षदेखि लगातार नोक्सानीमा रहेको,
(३) नेपाल राष्ट्र बैङ्कले दिएको निर्देशन पटक पटक उल्लंघन गरी कारबाहीमा परेको,
(४) नेपाल राष्ट्र बैङ्कले तोकेबमोजिम जोखिम व्यहोर्ने कोष कायम गर्न नसकेको ।

भवदीय,

(नारायणप्रसाद पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार ।
४. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।